सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
"हाम्रो समुदाय हाम्रो बैंक"

कर्पोरेट कार्यालय, बिराटनगर ७, मोरङ,
फोन नं. ०२१-५२८१३५/३७
फ्याक्स नं. ०२१-५२८१४०
E-mail : info@skdbl.com.np
www.skdbl.com.np

# Unaudited Financial Results (Quarterly)

As at third quarter ended Chaitra 2075 of Fiscal Year 2075/76

*(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,236,002** | **2,181,374** | **1,795,448** |
| 1.1 | Paid-up Capital | 523,765 | 508,510 | 508,510 |
| 1.2 | Reserves and Surplus | 40,608 | 47,862 | 46,468 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | | | |
| 1.5 | Deposits (a+b) | **1,611,527** | **1,554,155** | **1,182,631** |
| | a. Domestic Currency | 1,611,527 | 1,554,155 | 1,182,631 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 60,102 | 70,847 | 57,839 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2,236,002** | **2,181,374** | **1,795,448** |
| 2.1 | Cash & Bank Balance | 115,746 | 132,952 | 149,216 |
| 2.2 | Money at call and short Notice | 332,554 | 428,746 | 330,419 |
| 2.3 | Investments | 2,505 | 2,505 | 2,505 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **1,652,765** | **1,466,212** | **1,225,761** |
| | a. Real Estate Loan | **76,871** | **73,961** | **36,842** |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | 76,871 | 73,961 | 36,842 |
| | b. Personal Home Loan of Rs. 10 million or less | 80,720 | 72,193 | 47,226 |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | 1,069,759 | 915,534 | 654,937 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | 425,415 | 404,523 | 486,755 |
| | f. Others | | | |
| 2.5 | Fixed Assets | 43,099 | 41,994 | 33,516 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 89,334 | 108,965 | 54,031 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 186,434 | 123,194 | 124,805 |
| 3.2 | Interest Expense | 96,324 | 65,279 | 53,960 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **90,111** | **57,915** | **70,845** |

| | | | | |
|---|---|---|---|---|
| 3.3 | Fees Commission and Discount | 1,290 | 861 | 351 |
| 3.4 | Other Operating Income | 17,087 | 10,320 | 15,000 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **108,488** | **69,097** | **86,196** |
| 3.6 | Staff Expenses | 32,296 | 21,776 | 20,620 |
| 3.7 | Other Operating Expenses | 26,690 | 17,473 | 21,121 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **49,501** | **29,848** | **44,455** |
| 3.8 | Provision for Possible Loss | 42,482 | 26,484 | 26,781 |
| **D** | **Operating profit (C-3.8)** | **7,020** | **3,365** | **17,674** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | 28,507 | 19,589 | 21,390 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **35,527** | **22,954** | **39,065** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **35,527** | **22,954** | **39,065** |
| 3.12 | Provision For Staff Bonus | 3,230 | 2,087 | 3,551 |
| 3.13 | Provision For Tax | 9,689 | 6,260 | 10,654 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **22,608** | **14,607** | **24,859** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 29.89% | 31.50% | 39.82% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.68% | 1.31% | 0.50% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 110.54% | 122.54% | 261.86% |
| 4.4 | Cost of Funds | 8.18% | 8.06% | 7.33% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 75.96% | 69.47% | 70.54% |
| 4.6 | Base Rate | 13.00% | 13.11% | 13.22% |
| | **Additional Information (Optional)** | | | |
| | Average Yield (Local Currency) | 14.65% | 15.21% | 13.93% |
| | Net Interest Spread (Local Currency) | 7.68% | 7.78% | 8.01% |

Note : The above financial performance & position are subject to change from supervisory authority and statutory auditor.

# आ.ब.२०७५/७६ को तेस्रो त्रैमासिक (२०७५ चैत्र मसान्त) प्रतिवेदन

**(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ सँग सम्बन्धित)**

**१. वित्तीय विवरण :**

क) यस बैंकको तेस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी अपरिष्कृत विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरू :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (बार्षिक) | रू.५.७६ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | रू.४२६.९१ |
| मूल्य आम्दानी अनुपात (बार्षिक) | २१.१८ | तरलता अनुपात | २८.७१ प्रतिशत |
| प्रति शेयर नेटवर्थ | रू.१०७.७५ | पूँजीकोष अनुपात | २९.८९ प्रतिशत |

**२. व्यबस्थापकिय विश्लेषण :**

क) विगत त्रैमासिक अवधिको तुलनामा यस तेस्रो त्रैमासिक अवधिको अन्तमा बैंक मौज्दात तथा तरलता घटेको छ । यस त्रैमासिक अवधिमा बैंक नाफामा रहेको छ ।

ख) आगामी अवधिमा बैंकले ग्राहक सेवा प्रभावकारी कार्यान्वयनकालागि सुधार र तालिम वृद्धि गर्दै जाने, निक्षेप ग्राहक संख्याको विस्तारकालागि कार्यक्रमहरू सञ्चालन गर्ने, प्रविधिको आवश्यकता

रहेका ग्राहक वा ऋणीहरूलाई शिपमूलक तालिम तथा प्रविधि हस्तान्तरण गर्ने, बैंकको आधुनिक बैंकिङ्ग कारोवार र प्रविधियुक्त सेवा विस्तार गर्दै जाने, कर्जा, तरलता र सञ्चालन सम्बन्धी जोखिम न्यून गर्न जोखिम व्यबस्थापन पद्धतिको विकास गर्ने, शेयरधनीहरूलाई उत्साहजनक प्रतिफल दिने, संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यबस्थापन सम्बन्धी व्यबस्था भएका नीति, नियम र निर्देशिकाहरूको पूर्ण पालना गर्ने गराउने लगायतका कार्यलाई प्राथमिकतामा राखेको छ ।

ग) विगतको अनुभवबाट यस बैंकको बैंक मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि यस त्रैमासिक अवधिमा भएको छैन ।

**३. कानूनी कार्यवाही सम्बन्धी विवरण :**

क) यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरूद्धमा कुनै मुद्दा दायर भएको छैन ।

ख) यस त्रैमासिक अवधिमा बैंकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकका विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन ।

ग) यस त्रैमासिक अवधिमा बैंकको संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :**

क) शेयरको मूल्य तथा कारोवार धितोपत्र बजारको नीति नियम बमोजिम खुल्ला बजारले निर्धारण गर्ने हुँदा यस बैंकको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ र प्रचलित कानून बमोजिम उपलब्ध गराउनु पर्ने सूचना बैंकले उपलब्ध गराएको छ ।

ख) यस त्रैमासिक अवधिमा बैंकको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्याको बिवरण देहाय बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रू.१२२ | कूल कारोवार भएको दिन | ३ दिन |
| न्यूनतम मूल्य | रू.११७ | कूल कारोवार शेयर संख्या | ८०४१ कित्ता |
| चैत्र मसान्तको अन्तिम मूल्य | रू.१२२ | कूल कारोवार संख्या | ३६ |

(नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com बमोजिम)

**५. समस्या तथा चुनौती :**

**आन्तरिक**

कर्मचारी तथा सञ्चालन खर्चमा भएको वृद्धि, दक्ष कर्मचारीको निरन्तरता, कर्मचारी दक्षता अभिवृद्धिमा समस्या आदि रहेका छन् ।

**बाह्य**

देशको आर्थिक तथा राजनैतिक संक्रमणकालिन अवस्था, तरलतामा आउने अस्वभाविक परिवर्तन, बैंकिङ्ग क्षेत्रमा बढ्दो प्रतिस्पर्धा, उत्पादनशिल क्षेत्रमा कम लगानी हुनु, जनताले उपभोगमा अधिक खर्च गर्नु आदि समस्या रहेका छन् ।

**रणनीति**

आवश्यकता र औचित्यका आधारमा खर्च गर्ने, कर्मचारीको दिगोपनकालागि समयानुकुल धान्न सक्ने गरी सुविधा उपलब्ध गराउने, कर्मचारीलाई आधुनिक बैंकिङ्ग प्रणाली एवं प्रविधि सँग अभ्यस्थ गराउने, आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पार्ने, आधुनिक बैंकिङ्ग प्रविधिको सुरक्षित तथा अधिकतम प्रयोग गर्ने तथा बाह्य चुनौतीका कारण उत्पन्न हुन सक्ने जोखिमको पूर्वानुमान गरी समाधानकालागि आवश्यक रणनीति तयार गरी कार्यान्वयन गर्दै जाने रणनीति बैंकले अंगिकार गरेको छ ।

**६. संस्थागत सुशासन :**

यस बैंकबाट नेपाल राष्ट्र बैंकबाट जारी गरिएका संस्थागत सुशासन सम्बन्धी व्यबस्थाको प्रभावकारी पालना भएको छ । साथै आफ्ना शेयरधनी, निक्षेपकर्ता, कर्जा ग्राहक तथा सरोकारवालाको हित संरक्षण गर्नकालागि बैंक सदैव प्रतिवद्ध रहेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सु-सूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।